## २०७९ साल चैत १० गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | आर्थिक वर्ष २०८०/८१ मा प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने राजस्व बाँडफाँटको ढाँचा र हिस्सा एवं वित्तीय समानीकरण अनुदान वितरणको अनुमानित सीमा स्वीकृत गर्ने। |
| २. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | एसिया प्यासिफिक क्षेत्रीय बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव डा. तोय नारायण ज्ञवालीलाई सहभागी हुन स्वीकृति दिने। |
| ३. | गृह मन्त्रालय | प्रहरी अतिरिक्त महानिरीक्षक श्री बसन्त बहादुर कुँवरलाई प्रहरी महानिरीक्षक पदमा बढुवा नियुक्ति गर्ने। |
| ४. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | देवघाट क्षेत्र विकास समितिको अध्यक्ष पदमा देवघाट गाउँपालिका -३, तनहूँका भिम बहादुर रानालाई तोक्ने। |
| ५. | विभिन्न मन्त्रालय | लोक सेवा आयोगको सिफारिसबमोजिम ७ जना कर्मचारीलाई विभिन्न सेवा समूहको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव वा सो सरह पदमा नियुक्त गरी पदस्थापन गर्ने। |
| ६. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | चौरजहारी नगरपालिका रुकुम (पश्चिम) लाई कर्णाली प्रदेश स्तरीय फुटबल रंगशाला स्थापना गर्ने र सभाहल निर्माण गर्ने प्रयोजनको लागि जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने। |
| ७. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य बीमा बोर्डका अध्यक्ष डा. सेनेन्द्र राज उप्रेतीले पेस गरेको राजीनामा स्वीकृत गर्ने। |
| ८. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | भरतपुर अस्पताल तथा भेरी अस्पताललाई चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको आंगिक अस्पतालको रूपमा सञ्चालन गरी शैक्षिक कार्यक्रम विस्तार गर्ने। |
| ९. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | नेपाल स्वास्थ्य व्यवसायी परिषद्को रजिष्ट्रार पदमा निर्मलपोखरी ९, कास्की निवासी श्री लीलानाथ भण्डारीलाई नियुक्त गर्ने। |

## २०७९ साल चैत १४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | नेपालको पूर्वी पहाडी क्षेत्रमा रहेका वन, भूमि तथा जैविक विविधताको दिगो व्यवस्थापनको लागि विश्व वातावरण सुविधा (GEF) बाट करिव ५५ करोड रुपैंया अनुदान सहायता स्वीकार गर्ने। |
| २. | अर्थ मन्त्रालय | विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषको संयुक्त वसन्तकालीन बैठकमा नेपालको सहभागिताका लागि अर्थ मन्त्रालयका सचिवको नेतृत्वको प्रतिनिधिमण्डलको गठन गर्ने। |
| ३. | अर्थ मन्त्रालय | ग्रामीण सडकको स्तरोन्नतिको लागि एसियाली विकास बैंकसँग सम्झौता वार्ता गर्नका लागि वार्ता टोली गठन गर्ने। |
| ४. | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | Nepal-China Border Epidemic Prevention and Control Mechanism को द्विपक्षीय बैठकमा सहभागी हुन स्वीकृति दिने। |
| ५. | ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय | बंगलादेशमा आयोजना हुने नेपाल-बंगलादेश संयुक्त सञ्चालक समिति तथा संयुक्त कार्य समूहको पाँचौं बैठकमा सहभागी हुन ऊर्जा सचिव दिनेश कुमार घिमिरे नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने। |
| ६. | गृह मन्त्रालय | जुरे पहिरो पीडितका लागि जनस्तरबाट सङ्कलित रकम जिल्ला विपद् व्यवस्थापन समितिबाटै स्थानीय तहको समन्वयमा स्पष्ट खाका र मापदण्ड बनाई पीडितलाई नगद राहत उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुपाल्चोकलाई निर्देशन दिने। |
| ७. | गृह मन्त्रालय | नेपाल प्रहरीका अतिरिक्त प्रहरी महानिरीक्षकहरुको पदस्थापन गर्ने। |
| ८. | रक्षा मन्त्रालय | अभ्यास शान्ति प्रयास (Multinational Peacekeeping Exercise-2024) सञ्चालन गर्न नेपाली सेनालाई स्वीकृति प्रदान गर्ने। |
| ९. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | श्री दिननाथ न्यौपाने देवघाट गाँ.पा. -५ तनहूँ, श्री सान बहादुर दमै देवघाट गाँ.पा. -५ तनहुँ, श्री रत्नलाल शर्मा कंडेल भरतपुर म.न.पा. -१ देवघाट चितवन, मोतिराम ढुंगाना भरतपुर म.न.पा. -१० चितवन, श्री हरिप्रसाद पौडेल गैंडाकोट न.पा. -३ र श्री प्रेमराज सापकोटा गैंडाकोट न.पा. -४ लाई देवघाट क्षेत्र विकास समितिको सदस्य पदमा मनोनयन गर्ने |
| १०. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरणका कानून-सदस्यमा श्री कृष्ण प्रसाद पोखेल, राईनास-५, लमजुङ लाई नियुक्त गर्ने। |

# २०७९ चैत २० गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.स. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण (पहिलो संशोधन) नियमावली, २०७९ स्वीकृत गर्ने। |
| 2 | गृह मन्त्रालय | मिटरब्याजी समस्या सम्बन्धमा सिफारिस गर्न विशेष अदालतका पूर्व अध्यक्ष श्री गौरीबहादुर कार्कीको अध्यक्षतामा पूर्व नायब महान्यायाधिवक्ता श्री गणेशबावु अर्याल र पूर्व प्रहरी नायब महानिरीक्षक श्री उत्तमबावु सुवेदी रहेको जाँचबुझ आयोग गठन गर्ने। |
| 3 | गृह मन्त्रालय | शान्ति सुरक्षासम्बन्धी कार्यमा हुने खर्चको मापदण्ड, २०७८ खारेज गर्ने। |
| 4 | परराष्ट्र मन्त्रालय | नेपाल-चीन कूटनीतिक परामर्श संयन्त्रको १५औं बैठकमा सहभागी हुन परराष्ट्र मन्त्रालयका सचिव नेतृत्वको नेपाली प्रतिनिधिमण्डल गठन गर्ने। |
| 5 | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची-२ मा हेरफेर गर्न स्वीकृति दिने। |
| 6 | रक्षा मन्त्रालय | नेपाल-भारत सुरक्षा सम्बन्धी द्विपक्षीय परामर्श समूह (Bilateral Consultative Group on Security Issues) को १५ औं बैठक नेपालमा आयोजना गर्ने सैद्धान्तिक स्वीकृति दिने। |
| 7 | वन तथा वातावरण मन्त्रालय | पूर्व-पश्चिम लोकमार्गअन्तर्गत नारायणघाट-बुटवल सडक खण्डमा पर्ने राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने। |
| 8 | वन तथा वातावरण मन्त्रालय | जोगमाई क्यासकेड जलविद्युत आयोजना निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने। |
| 9 | वन तथा वातावरण मन्त्रालय | मदन भण्डारी राजमार्गअन्तर्गत सुर्खेत जिल्लास्थित बोटेचौर-भेडाबारी-धुलियाविट सडक खण्डको स्तरोन्नतिको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने। |
| 10 | मन्त्रिपरिषद् विधेयक समितिबाट पेश भएको मेलम्ची खानेपानी विकास समिति (गठन) आदेश, २०७९ स्वीकृत गर्ने। | |
| 11 | मन्त्रिपरिषद्का समिति (राजनैतिक समिति, प्रशासन समिति, विधेयक समिति, सामाजिक समिति र आर्थिक पूर्वाधार समिति) गठन गर्ने। | |